नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्युरो

बबरमहल,काठमाण्डौ

## प्रेस विज्ञप्ति-५७

## "नाबालिकाहरुलाई बेश्याबृत्तिमा लगाउने गेष्टहाउस सञ्चालकहरु पक्राउ"

### पक्राउ अभियुक्तहरुको विवरण:-



**नामः- नविन थापा**

**उमेर:-३२ वर्ष**

**स्थायी वतन:- जि. रामेछाप लिखु तामाकोशी गा.पा. ०१**



**नामः- उज्वल खड्का**

**उमेर:-१९ वर्ष**

**स्थायी वतन:- जि. काठमाण्डौ कागेश्वरी मनोहरा न.पा. ०१**

### प्रारम्भिक अनुसन्धानको क्रममा खुल्नआएको तथ्यहरु:-

१. जिल्ला काठमाण्डौ का.म.पा. वडा नं.३२ कोटेश्वरस्थित नविन थापाले सञ्चालन गरेको रामेछाप खाजाघर एण्ड गेष्टहाउसमा परिवर्तित नाम २६ बबरमहल (३३२) समेतका बालिकाहरुलाई आर्थिक प्रलोभनमा पारी ललाई फकाई बेश्याबृत्तिमा लगाएको खुल्न आएको,

२. गेष्टाहाउसमा बालिकाहरुलाई शारीरिक सम्पर्क राखेमा प्रति ब्यक्ति रु.५००/-(पाँच सय) दिने भनी प्रलोभन देखाई रकम समेत नदिई प्रति ग्राहक ४/५ हजार सम्म लिई बेश्याबृत्तिमा लगाएको खुल्न आएको,

३. अभियुक्तहरुले बिभिन्न पुरुष ग्राहकहरु खोजी नाबालिकाहरु मध्ये एकजनालाई छान्न लगाई गेष्टहाउसमा रहेका कोठाहरुमा राखि ग्राहकसँग शारीरिक सम्पर्क राख्न लगाउने गरेको खुल्न आएको,

४. अभियुक्तहरुले बालिकालाई पुरुष ग्राहकसँग शारीरिक सम्पर्क राखेको कुरा आफन्त लगायत साथिहरुलाई भनिदिने भनि डर त्रासमा पारी बेश्याबृत्तिमा लगाउने गरेको खुल्न आएको,

५. बालिकाहरुलाई बेश्याबृत्तिमा लगाउने गरेको भन्ने सूचनाको आधारमा यस ब्युरोबाट खटिएको प्रहरी टोलीले उक्त गेष्टहाउसबाट ६ जना बालिकाहरुलाई उद्दार गरी बेश्याबृत्तिमा लगाउने कार्यमा संलग्न अभियुक्तहरुलाई मिति २०८१।०४।०२ गते पक्राउ गरी मानव वेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट दिन ६ (छ) को म्यादथप अनुमति लिई आवश्यक अनुसन्धान कार्य भईरहेको।

**सूचना अधिकारी**

**(गौतम मिश्र)**

**प्रहरी उपरीक्षक**

**सम्पर्क नम्बर:-९८५१२८११६०**

**मितिः २०८१/०४/०३ गते।**

Contact No:01-5339569, Hot Line:1177, Email:ahtb@nepalpolice.gov.np, www.ahtb.nepalpolice.gov.np